☎०७८-५४०१७०, ५४११११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

मितिः २०७७/०८/३०

## मिडिया परिचालन सम्बन्धी सूचना

यस नगरपालिकाबाट भए गरेका विकासका कार्यहरु र प्रदान गरिने सेवाहरुको बारेमा सर्वसाधारण जनतालाई सुसूचित गर्ने र सेवा प्रवाहको प्रभावकारीता वृद्धि गर्नका लागि नगरपालिकाले विकास निर्माण र सेवा सम्बन्धी सूचना र जानकारी सर्वसाधारणमा सम्प्रेषण गर्न स्थानीय स्तरमा सञ्चालित मिडियाहरुको परिचालन गर्नका लागि चालू आर्थिक बर्षमा सो सम्बन्धी कार्यक्रम स्वीकृत भएको छ। तपशिल बमोजिमका क्षेत्रहरुसँग सम्बन्धित सेवा तथा विकास कार्यसम्बन्धी सूचनामूलक कार्यक्रम उत्पादन गरी प्रशारण गर्न स्थानीय स्तरमा रहेका रेडियो तथा टेलिभिजनहरुबाट प्रस्ताव आव्हान गरिन्छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपशिल बमोजिमको कागजात सहित यस कार्यालयमा तलका मध्ये कुनै एक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव दर्ता गराउनुहुन अनुरोध छ ।

**कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्रहरुः**

१. आर्थिक विकासः कृषि, पशुपंक्षी र पर्यटन, भूमी

२. आर्थिक विकासः उद्यम विकास, रोजगारी र सहकारी

३. सामाजिक विकासः विद्यालय शिक्षा, युवा तथा खेलकूद, महिला, बालबालिका र सामाजिक समावेशीकरण र आधारभूत स्वास्थ्य तथा सरसफाई

४. पूर्वाधार विकासः सडक, पुल, भवन, बस्ती विकास, ढल निकास, उर्जा तथा वैकल्पिक उर्जा, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

**सेवाप्रदायको योग्यता**

उपर्युक्त मिडिया परिचालन कार्यक्रम सञ्चालनको लागि इच्छुक प्रस्तावदाताहरु अनीवार्य रुपमा देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ ।

क. नेपालको प्रचलित कानून बमोजिम दर्ता भएको

ख. गत आर्थिक बर्षको कर चुक्ता र चालू आर्थिक बर्षको लागि नवीकरण भएको

ग. मुल्य अभिवृद्धि करमा दर्ता भएको

घ. कावासोती नगरपालिका क्षेत्रमा प्रशारण हुने आफ्नै एफ एम रेडियो/ टेलिभिजन स्टुडियो भएको

ङ. कार्यक्रम उत्पादन, रेकर्डिङ, मोडिफिकेशन, प्रशारण लगायतका कार्य गर्न सक्ने जनशक्ति भएको ।

(यज्ञ पुरी)
प्रमुख प्रशासकीय अधिकृत

यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत